# बोर्डको २८ औं वार्षिकोत्सवको अवसरमा बोर्डका अध्यक्ष श्री भिष्मराज ढुङ्गानाज्यूले व्यक्त गर्नु भएको मन्तव्य

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियमन निकायको रुपमा स्थापित नेपाल धितोपत्र बोर्डले आफ्नो स्थापना कालको २७ बर्ष पूरा गरी २८ औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा बोर्ड परिवार तथा बोर्ड सम्बद्ध सम्पूर्ण पक्षहरुलाई शुभकामना व्यक्त गर्दछु। साथै यस अवसरमा नेपालको पुँजी बजारलाई यहाँसम्म ल्याउन सहयोग, समन्वय एवं योगदान पुऱ्याउनु हुने नेपाल सरकार, पूर्व बोर्ड अध्यक्ष, नेपाल राष्ट्र बैंक, बीमा समिति, बजार सम्बद्ध संस्था लगायत अन्य निकाय एवं शुभ चिन्तकहरुलाई धन्यवाद दिन चाहन्छु।

हाल विश्वव्यापीरुपमा देखिएको कोरोना भाइरस रोग (कोभिड-१९) को महामारीबाट श्रृजित यस विषम परिस्थितिका कारण विश्व अर्थतन्त्र प्रभावित भएको देखिन्छ। यसबाट नेपालको अर्थतन्त्र र पुँजी बजार समेत अछुतो नरहेको अवस्था छ। विगत केहि बर्ष देखि नेपालले निरन्तर रुपमा हासिल गर्दै आएको उच्च आर्थिक वृद्धिदर कोभिड-१९ को संक्रमण जोखिमका कारण यस वर्ष २.३ प्रतिशतमा सिमित हुने प्रारम्भिक अनुमान रहेको छ। पर्यटन, यातायात, उत्पादनमुलक उद्योग र निर्माण क्षेत्रमा संकुचन आउने अनुमान छ। आर्थिक क्रियाकलापहरुले लय लिन थालेपछि आगामी आर्थिक वर्षको वृद्दिदर ७ प्रतिशत हुने लक्ष्यको आधारमा पुँजी बजारका गतिविधिहरु पनि सकृय हुने र गति लिने अपेक्षा गरिएको छ।

कोभिड-१९ को महामारीले विश्व धितोपत्र बजारसमेत प्रभावित भएको छ। कोरोना संक्रमणको शुरुवाती चरणमा अमेरिकाको डाउ जोन्स इन्डष्ट्रियल एभरेज इन्डेक्स २०२० को मध्य फेब्रुअरीबाट मध्य मार्चको वीचमा उच्च अंकले गिरावट आई २०१६ डिसेम्बर यता कै सबैभन्दा कम विन्दुमा पुगेको थियो। यस्तै  एस एण्ड पी ५०० इन्डेक्समा करिब ३३ प्रतिशत, जापानको निक्की २२५ इन्डेक्समा २९.५ प्रतिशत, बेलायतको फुटसे १०० इन्डेक्समा करिब ३३ प्रतिशत, भारतको विएसइ सेनसेक्स र निफ्टी ५० मा करिब ३७ प्रतिशतको गिरावट आएको थियो। यद्यपी मे महिनाको अन्तिम सातासम्म आईपुग्दा प्रायजसो धितोपत्र बजारहरुमा औषतमा २० प्रतिशतको हाराहारीमा सुधार देखिएको छ। यस वीचमा नेपाल सरकारबाट अत्यावश्यक सेवा बाहेकका अरु कार्यहरु वन्द गर्ने र लकडाउनलाई कडाईका साथ पालना गर्ने/गराउने निर्देशन भए अनुरुप धितोपत्रको दोस्रो बजार कारोबार बन्द गर्नुपर्ने अवस्था सृजना भएकोमा नेपाल सरकारकै निर्देशन बमोजिम अन्तर्राष्ट्रिय अभ्यास अनुरुप कारोबारमा केहि नियन्त्रणात्मक व्यवस्थाहरु गरी बजार सञ्चालन गरिएकोमा उक्त बजार दुई दिन मात्र संचालन हुन सकेको र बजार सूचकाङ्क (नेप्से इन्डेक्स) १२०१ बिन्दू कायम भएको अवस्था छ। यसरी बजार संचालनकै समयमा नेपालमा कोरोनाको संक्रमण बढ्दोरुपमा फैलन सुरु भएको त्यसबाट लगानीकर्ताहरुको बजार पँहुच सहज हुन नसकेको र बहुमत लगानीकर्ताहरु अनलाईन कारोबारमा आवद्ध भैनसकेकाले नेपाल सरकार संगको समन्वयमा पुनः लकडाउन अवधिभरका लागि दोस्रो बजार कारोबार बन्द रहेको अवस्था छ। यद्यपि यो अवस्थालाई लामो समयसम्म जान दिनु हुंदैन भन्नेमा हामी सचेत छौं र यसबीचमा सम्बद्ध पक्ष नेप्से, सिडिएससी, धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर लगायत लगानीकर्तासंग के कसरी सहजरुपमा कारोवार सञ्चालन गर्ने भन्ने विषयमा छलफल गरिरहेका छौं।

## धितोपत्रको प्राथमिक बजारको परिदृष्य

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७१।७२ | | २०७२।७३ | | २०७३।७४ | | २०७४।७५ | | २०७५।७६ | | २०७६।७७ (प्रथम १० महिनाको) | |
| | | संख्या | रकम रु. | संख्या | रकम रु. | संख्या | रकम रु. | संख्या | रकम रु. | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १ | प्रथमिक निष्काशन (अर्व) | १८ | ६.९८ | १४ | २.७६ | १७ | १.५१ | २१ | ८.३० | २८ | ७.३५ | ६ | ३.२३ |
| २ | हकप्रद निष्काशन (अर्व) | २२ | २.३१ | ३७ | ९.४० | ७६ | ४५.६४ | ५५ | २५.७० | १९ | ५.८८ | ११ | ४.४१ |
| ३ | ऋणपत्र निष्काशन (अर्व) | ५ | २.९० | - | - | - | - | १ | ३ | १२ | २९.९८ | ११ | २१.४५ |
| ४ | थप निष्काशन (अर्व) | - | - | ३ | ५.८३ | ४ | ७.९९ | ६ | ११.५ | - | - | - | - |
| ५ | म्युचुअल फण्ड निष्काशन (अर्व) | ३ | २.२५ | १ | १.00 | ४ | ४.२५ | ४ | ४.८० | ६ | ६.५५ | २ | १.८० |
| **कुल (अर्वमा)** | | **४८** | **१४.४४** | **५५** | **१८.९९** | **१०१** | **५९.३९** | **८७** | **५३.३** | **६५** | **४९.७६** | **३०** | **३०.८९** |

*स्रोत: नेपाल धितोपत्र बोर्ड*

## धितोपत्रको दोस्रो बजार परिदृष्य

| विवरण | २०७१।७२ | २०७२।७३ | २०७३।७४ | २०७४।७५ | २०७५।७६ | २०७६।७७ (प्रथम १० महिनाको) |
|---|---|---|---|---|---|---|
| सूचीकृत संगठित संस्थाको कुल संख्या | २३२ | २२९ | २०८ | १९६ | २१५ | २१२ |
| कुल सूचीकृत धितोपत्रको संख्या (करोडमा) | २२१.३ | ३६४.३ | २९६.६ | ३५९.९ | ४२०.७ | ४६९.८ |
| धितोपत्रको वार्षिक कारोबार रकम (रु.करोडमा) | ६५३३.२ | १६३९५.८ | २०५०२ | १२१३९.१ | ११००७ | १३१८१ |
| औषत दैनिक कारोबार रकम (रु.करोडमा) | ३०.३ | ७०.४ | ८९.१ | ५२.१ | ४४.८ | ८३.१ |
| कुल कारोबार भएको दिन | २१६ | २३३ | २३० | २३३ | २४६ | १६७ |
| कारोबार भएको कुल सेयर संख्या (करोडमा) | १६ | ३०.२ | ३९.३ | २९.४ | ३८.८ | ३९.९ |
| कारोबार संख्या | ४७७२७८ | ८३६९०२ | १३५६५१५ | १३१०९८६ | १४२३००० | १६७३३१७ |
| सूचिकृत धितोपत्रको बजार पुंजीकरण (रु.करोडमा) | ९८९४० | १८९०१३ | १८५६८३ | १४३५१३.८ | १५६७५० | १५३६४२ |
| सूचिकृत धितोपत्रको फ्लोट बजार पुँजीकरण (रु.करोडमा) | २८१७८.४ | ७१८९६ | ६४१६९ | ४८३९४ | ५५८२५ | ५५९०२ |
| नेप्से सुचकांक | ९६१.२ | १७१८.२ | १५८२.७ | १२१२.४ | १२५९ | १२०१.६ |
| नेप्से सेन्सिटीभ सुचकांक | २०४.७ | २९४.४ | ३३६ | २५५.२ | - | २६०.३ |

स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.

चालु आर्थिक वर्षको दश महिनामा धितोपत्रको प्राथमिक बजारमा प्राथमिक, हकप्रद सेयर, ऋणपत्र तथा सामूहिक लगानी योजना समेत गरी ३० वटा निष्काशन मार्फत रु.३० अर्ब ८९ करोडको पुँजी परिचालन भएको छ भने धितोपत्रको दोस्रो बजारमा रु. १ खर्ब ३८ अर्ब ८१ करोडको धितोपत्र कारोवार भई बजार पुँजीकरण मूल्य रु.१५ खर्ब ३६ अर्ब ४२ करोड कायम भएको छ । यस अवधिमा धितोपत्र बजारलाई पूर्ण स्वचालित बनाउने प्रयासहरु समेत अगाडि बढाइएको छ र हाल धितोपत्रको डिम्याट खातामा आवद्ध हुने लगानीकर्ताहरुको कुल संख्या १६ लाख ६० हजार पुगी देशको धितोपत्र बजारमा सहभागी हुने लगानीकर्ताहरुको संख्या कुल जनसंख्याको ५.४ प्रतिशत पुगेको छ ।

यस बर्ष कोरोनाको महामारी शुरु हुनु अगाडी वजारको अवस्था निकै सुधारोन्मूख लयमा गति लिईरहेको अवस्था थियो । धितोपत्र बार्षिक कारोवार गत आ.व.मा रु.१ खर्ब १० अर्व रहेकोमा चालु आ.व.को १० महिनामा रु.१ खर्ब ३१ अर्ब पुगेको छ । त्यस्तै उक्त अवधिमा दैनिक औषत कारोवार गत आ.व.को रु.४४ करोडबाट बढेर रु.८३ करोड हुन पुगेको छ । चालु आर्थिक वर्षको दश महिनाको अवधिमा कारोवार भएको कुल सेयर संख्या र कारोवार संख्या दुबैमा बृद्धि आएको छ ।

यस आर्थिक बर्षमा पुँजी बजारमा महत्वपूर्ण सुधार तथा विकासका कार्यहरु भएका छन् । पछिल्लो समयमा धितोपत्रको प्राथमिक निष्कासनमा आस्वा र सि-आस्वा पद्धति अवलम्बन गरिए पश्चात् डिम्याट खाता खोली सी-आस्वा नम्बर लिएका लगानीकर्ताहरूले बोर्डबाट आस्वा सदस्यता लिएका कुल ६४ बैंक तथा वित्तीय संस्थाका शाखाहरुबाट ७०० भन्दा बढी स्थानिय तहमा लगानीकर्तालाई आस्वा सेवा मार्फत् सेयर आवेदन गर्न पाउने सुविधा उपलब्ध भई देशका ७७ जिल्लामा प्राथमिक बजारको पहुँच पुग्नुका साथै बजारमार्फत् दीर्घकालीन पुँजी परिचालन परिमाणमा बृद्धि भई नेपालमा समेत धितोपत्र बजारमार्फत् सार्क क्षेत्रका अन्य देश सरह पुँजी परिचालन कार्य भईरहेको छ । बोर्डले दोस्रो बजारको पहुँच समेत देशव्यापी विस्तार गर्न धितोपत्रको दोस्रो बजारको कारोवार प्रणालीलाई ग्राहकको बैंक खाता तथा डिम्याट खाता संग पूर्णरुपमा आवद्ध गर्ने र धितोपत्र दलाल व्यवसायीहरुको आधिकारिक प्रतिनिधिहरुको व्यवस्था गर्ने कार्य समेत अगाडि बढाएको छ ।

यस आर्थिक वर्षमा धितोपत्र बजारको सुधार तथा विकास र धितोपत्र व्यावसायीहरुको कार्यक्षेत्र विस्तार गर्ने उद्देश्य लिई हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था थप प्रभावकारी बनाउन, विदेशी लगानी भित्र्याउन सहजीकरण गर्न, खुलामुखी योजनाको प्रबर्द्धन तथा सामूहिक लगानी कोष संचालनलाई थप प्रभावकारी बनाउन, धितोपत्र व्यवसायीको स्वामित्व सम्बन्धी व्यवस्थामा स्पष्टता ल्याउन तथा पुँजी कोष सुदृढ गर्न, धितोपत्र व्यापारी (डिलर) को बजार प्रवेशलाई सहजीकरण गर्न धितोपत्र व्यवसायी, सामूहिक लगानी कोष र धितोपत्र दर्ता तथा निष्काशन नियमावलीहरुमा नेपाल सरकारको स्वीकृतिमा समसामयिक संशोधन गरी बोर्डले २०७६ फागुन १ गतेदेखि लागू गरेको छ। बोर्डले बढ्दो कार्य जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्न आवश्यक जनशक्ति पदपूर्ति गर्ने कार्य अगाडि बढाउनुका साथै आफ्नै कार्यालय भवनको व्यवस्था गर्न आवश्यक रहेको जग्गा नेपाल सरकारसँग प्राप्त गर्ने सम्बन्धमा प्रकृया अगाडि बढाएको छ ।

यस आर्थिक वर्षको समिक्षा अवधिमा बोर्डले लगानीकर्ताहरुलाई लगानीका विभिन्न विकल्पहरु उपलब्ध गराउने उद्देश्य लिई सामूहिक लगानी कोषमा बन्दमुखी कोष सञ्चालन भइरहेकोमा खुलामुखी कोष सञ्चालन अनुमति दिने र विशेष लगानी तथा पुँजी

परिचालन अवसरका लागि भेञ्चर क्यापिटल तथा प्राइभेट इक्वीटी जस्ता संस्थाहरुलाई सञ्चालन अनुमति दिने र वस्तु विनिमय बजार सञ्चालनका लागि इच्छुक कम्पनीहरुलाई कम्पनी स्थापनाका लागि पूर्व स्वीकृति दिने प्रकृया समेत अगाडि बढाएको छ ।

धितोपत्र बजार तथा वस्तु विनिमय बजारका मूल आधारको रूपमा रहेका लगानीकर्तालाई सचेत र जागरुक बनाउन लगानीकर्ता शिक्षालाई संस्थागत ढंगले अगाडि बढाउन बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजार प्रशिक्षण प्रतिष्ठान खोल्ने सम्बन्धमा अध्ययन गर्ने कार्य गर्नुका साथै बोर्डले सञ्चालन गर्दै आएको पाक्षिक लगानीकर्ता प्रशिक्षण तथा पाक्षिक रेडियो कार्यक्रमलाई थप परिस्कृत गरी नियमितरुपमा सञ्चालन गर्दै आएको छ ।

बोर्डले चालु आर्थिक वर्षको समिक्षा अवधिमा धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्न मार्जिन कारोबार सम्बन्धी कार्यविधि बनाई पेस गर्न नेप्से र धितोपत्र दलाल व्यवसायीलाई निर्देशन दिँदैं सोसम्बन्धी नीतिगत व्यवस्थाहरु गरेको छ ।

पछिल्लो समय बजारको विकास उल्लेखनीय रहेता पनि बजार नियमन तथा सुपरिवेक्षण प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनु पर्ने, धितोपत्र बजारमा सूचीकृत कम्पनी तथा लगानी उपकरणमा विविधता ल्याउन संस्थागत सुशासनको पक्षलाई सुदृढ गर्न, वित्तीय सक्षरता अभिवृद्धिका साथै वस्तु विनिमय बजारको प्रभावकारी नियमन गर्ने लगायतका चुनौतिहरु बोर्ड सामु रहेका छन् । ऋणपत्र बजार, ओटिसी बजारलाई समेत थप प्रभावकारी बनाउनुपर्ने आवश्यक रहेको छ ।

विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण हाल श्रृजित विषम परिस्थितिबाट आर्थिक गतिविधिहरु शिथिल हुँदै गएको अवस्थामा दीर्घकालीन पुँजी उत्पादनशील क्षेत्रमा परिचालनको गतिशील माध्यमको रुपमा रहेको धितोपत्र बजार र कृषि उपज तथा अन्य विशेष वस्तु कारोवारको मूल्य निर्धारण तथा जोखिम व्यवस्थापनको माध्यमको रुपमा रहेको वस्तु विनिमय बजारको महत्व अझ बढ्दै गएको छ । यस प्ररिप्रेक्ष्यमा बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा विस्तार गर्दै बजारलाई स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय बनाई सर्वसाधारणको पहुँच बढाउने उद्देश्य लिई आगामी आर्थिक वर्षमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउँदै लैजाने, बजार गतिविधिहरु तथा नियमन कार्यमा सूचना प्रविधिको उपयोग बढाई बजार तथा नियमन कार्यलाई प्रभावकारी बनाउने, बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि गर्ने, बजार सम्बन्धी आवश्यक कानुनी संरचनाको विकास तथा सुदृढीकरण गर्ने, बजार सुपरिवेक्षण व्यवस्थामा सुधार गर्नुका साथै बजारसम्बन्धी अध्ययन/अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापनको सुदृढ व्यवस्था गर्ने, बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिवृद्धि र कार्य क्षेत्र विस्तार गर्ने, दोस्रो बजारको संरचनात्मक सुधार गर्ने तथा यसको पहुंच देशव्यापी बनाउने कार्यमा आवश्यक सहजीकरण गर्ने, धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य र नेपाल सरकारले हालै जारी गरेको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रममा समावेश भएका सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकता सहित कार्यान्वयन गर्न आवश्यक तयारी अगाडि बढाएको समेत जानकारी गराउंदछु ।

अन्तमा, धितोपत्र बजार र वस्तु विनिमय बजारको प्रभावकारी नियमन र विकास गर्दै नेपाल सरकारले लिएको **"समृद्ध नेपाल सुखी नेपाली"** को आकांक्षा पूरा गर्न धितोपत्र बजार तथा वस्तु विनिमय बजारका तर्फवाट पूर्ण सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त

गर्दै बजारको नियमन र सुधार तथा विकासमा सहयोग पुऱ्याउने नेपाल सरकार, अन्य नियमन निकायहरु, बजार सहभागी पक्षहरु, संचार क्षेत्र, प्रवुद्ध वर्ग, दातृ निकाय, बोर्डको उद्देश्य प्राप्तीमा संलग्न हुनुहुने बोर्डका कर्मचारी लगायत सम्बन्धित सबैमा पूनः धन्यवाद ज्ञापन गर्दै भविष्यमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

२०७७ जेठ २५